# आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि

# २०८३

**सानीभेरी गाउँपालिका**

**सानीभेरी गाउँकार्यपालिकाको कार्यालय**

**रुकुम ( पश्चिम )**

आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०८३

( सानीभेरी गाउँपालिकाको मिति २०८३ /०१ /०२ को गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत प्राप्त ।।

**प्रस्तावनाः**

सानीभेरी गाउँपालिकामा स्वास्थ्य सेवाको पहुच बृद्धि गर्ने तथा स्वास्थ्य सेवालाई विशिष्टीकृत गराउनका लागि स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार १५ शैया सम्मको अस्पताल / स्वास्थ्य संस्थाहरु स्थानिय सरकारले आफै स्थापना गर्न तथा संचालन गर्न सक्ने गरी स्थानिय सरकारको एकल अधिकार क्षेत्र भित्र समाबेश भएको हुदा यस सानीभेरी गाउँकार्यपालिकाको बैठकले अस्पताल/स्वास्थ्य संस्था स्थापना तथा संचालन कार्यविधि स्वीकृत लागु गरेको छ।

## १. संक्षिप्त नाम र प्रारम्भः-

(१) यस कार्यविधिको नाम अस्पताल / स्वास्थ्य संस्था स्थापना तथा संचालन कार्यविधि २०८२ रहनेछ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः- विषय र परिभाषाले अर्को अर्थ नलागे यस कार्यविधिमा,

(क) "अस्पताल" भन्नाले यस सानीभेरी गाउँपालिकामा स्थापना भएर संचालन हुने अस्पताललाई सम्झनु पर्दछ।

(ख) स्वास्थ्य संस्था भन्नाले यस सानीभेरी गाउँपालिकाबाट स्थापना भएर संचालन हुने स्वास्थ्य संस्थाहरुलाई सम्झनु पर्दछ।

(ग) "स्वास्थ्य शाखा" भन्नाले यस सानीभेरी गाउँपालिका अन्तरगत अस्पताल सहित सम्पूर्ण स्वास्थ्य संस्थालाई संचालन नियमन तथा ब्यवस्थापन गर्न सानीभेरी गाउँपालिकामा अबस्थीत स्वास्थ्य शाखा सम्झनु पर्दछ।

(घ) स्वास्थ्य सयोजक भन्नाले यस सानीभेरी गाउँपालिकाको स्वास्थ्य शाखाको प्रमुखलाई सम्झनु पर्दछ।

(ङ)अस्पताल / स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समिति भन्नाले सानीभेरी गाउँपालिकामा स्थापना गरि संचालन भएका अस्पताल / स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिलाई बुझिनेछ।

(च) स्थायी कर्मचारी भन्नाले अस्पतालको दरबन्दी अनुसार समायोजन / सरुवा /पदस्थापन भई आउने कर्मचारीलाई सम्झनु पर्दछ।

(ज) करार सेवा / कर्मचारी भन्नाले स्थानिय सरकार / प्रदेश अन्य निकायबाट स्थानिय आवश्यकता अनुसार सेवा प्रवाहलाई सहज बनाउने उदेशेयका साथ निश्चित समय ( वढिमा १ बर्षको लागि सेवा सम्झौता गरि कामकाजमा खटिई आएको अबस्था / कर्मचारी सम्झनु पर्दछ।

(झ) आधारभूत स्वास्थ्य सेवा भन्नाले आम नागरिकको स्वास्थ्य सेवाको आबश्यकता पुरा गर्नका लागि राज्यवाट शुलभ रुपमा निःशुलक उपलब्ध हुने प्रर्वधनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवालाई सम्झनुपर्दछ ।

## (३) अस्पताल / स्वास्थ्य संस्था स्थापना तथा संचालन प्रकृयाः-

(क) अस्पताल/ स्वास्थ्य संस्थाको स्थापना गरिने क्षेत्रमा बसोबास गर्ने जनताको आबश्यकतालाई मध्यनजर गदै अस्पताल/ स्वास्थ्य संस्था स्थापना गर्न आबश्यक /रहेको र सो क्षेत्रमा अस्पताल / स्वास्थ्य संस्था स्थापना गर्न भनी गाउँ सभा / कार्यपालिका बाट निर्णय भएको हुनुपर्नेछ ।

(ख) अस्पताल / स्वास्थ्य संस्था संचालनको लागि आबश्य पर्ने जनशक्तिको सम्वन्धमा दरबन्दी संरचना निर्माण गरी गाउँ सभा / कार्यपालिका बैठकमा अनुमोदन गराउनु पर्नेछ।

(ग) करार सेवामा कर्मचारी ब्यवस्थापन तथा पदपूर्ति गर्दा सार्वजनिक सुचना गरि प्रतिस्पर्धा गरी पदपुर्तिको ब्यवस्था गरिनु पर्दछ ।

(घ) अस्पताल / स्वास्थ्य संस्था पूर्ण रुपमा स्थापना भई संचालनमा आउन पूर्व गरिने सम्पूर्ण तयारी पूर्वाधार विकाश सामाग्री खरिद तथा ब्यवस्थापन स्रोत परिचालन कार्य अनुगमन नियमन तथा सम्पूर्ण कार्यहरु गाउँ कार्यपालिकाको कार्यालय मार्फत गरिनेछ । अस्पताल / स्वास्थ्य संस्था पूर्ण रुपमा संचालनमा आय पश्यात् अस्पताल /स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापनको लागि यस कार्यविधिले तोके बमोजिमको अस्पताल / स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समिति गठन गरी संस्था ब्यवस्थापन तथा संचालनका लागि जिम्मेवार बनाइनेछ ।

(ङ) अस्पताल / स्वास्थ्य संस्था सानीभेरी गाउँपालिका मार्फत स्थापना भइ संचालनमा आएता पनि नियमानुसर प्रदेश / संघिय सरकारले अपनत्व लिनलाई कुनै वाधा पर्ने छैन साथै प्रदेश तथा संघिय सरकार बाट प्राप्त हुने स्थायी / करार सेवाका जनशक्तिलाई पदस्थापना गरि कामकाजमा खटाउन कुनै बाधा पर्ने छैन ।

(च) अस्पतालको हकमा प्रचलित कानुनको अधिनमा रहि अस्पताल बाट प्रदान गरिने आधारभूत स्वास्थ्य सेवा बाहेक थप सेवा सञ्चालन गर्नका लागि गाउँ कार्यपालिकाको बैठकबाट अनुमोदन गराई सःशुल्क सेवाहरु थप गर्नका लागि बाधा पर्ने छैन साथै सो बाट प्राप्त रकम अस्पतालको आन्तरिक आम्दानीमा जम्मा गर्नुपर्नेछ । आवश्यकता अनुसार उक्त रकम सानीभेरी गाउँपालिका अस्पतलले अस्पतालको मर्मत विकाश संचालन लगायत जनशक्ति ब्यवस्थापनमा खर्च गर्न सक्नेछ ।

(छ) अस्पताल तथा बर्थिङ सेण्टरको हकमा अस्पताल तथा बर्थिङ सेण्टरमा काम गर्ने चिकित्सक तथा अन्य स्वास्थ्यकर्मी र नर्सिङ स्वास्थ्यकर्मीहरुलाई नेपाल सरकारबाट उपलब्ध हुने अतिरिक्त सेवा वापतको भत्ता जोखिम भत्ता रात्रिकालिन सेवा भत्ता तथा स्थानिय सरकारको निर्णय हनुसार उपलब्ध गराउने अन्य भत्ता समेत चिकित्सक तथा स्वास्थ्यकर्मीलाई उपलब्ध गराउन कुनै बाधा पर्ने छैन ।

## (४) अस्पताल / स्थानीय स्वास्थ्य संस्थाबाट सञ्चालन हुने मुख्य सेवाहरु

- परिवार नियोजन सेवा
- आधारभुत स्वास्थ्य सेवा

आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०७३

- सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा
- खोप सेवा
- पोषण सेवा
- झाडापखला नियन्त्रण कार्यक्रम
- श्वास प्रश्वास रोग नियन्त्रन कार्यक्रम
- औलो तथा कालाजार नियन्त्रन कार्यक्रम
- क्षयरोग नियन्त्रन कार्यक्रम
- कुष्ठरोग नियन्त्रन कार्यक्रम
- एड्स / यौन रोग नियन्त्रण कार्यक्रम
- महामारी नियन्त्रण तथा दैवी प्रकोप ब्यवस्थापन कार्यक्रम
- वातावरणीय सरसफाई तथा फोहोर मैला ब्यवस्थापन कार्यक्रम
- स्वास्थ्य शिक्षा सुचना तथा सञ्चार
- उपचार सेवा
- मेडिको लिगल सेवा
- स्वास्थ्य बीमा कार्यक्रम
- सुपरीबेक्षन तथा अनुगमन
- प्रशासनिक कार्य
- रेडियोलोजी सेवा ( अस्पतालमा मात्र)
- प्रयोगशाला सेवा
- अस्पतालबाट संचालित फार्मेसी सेवा ( अस्पतालमा मात्र)
- बहिरंग सेवा
- २४ घण्टा आकस्मीक सेवा ( अस्पतालमा मात्र)
- अन्तरङग सेवा ( अस्पतालमा मात्र)
- एम्बुलेन्स सेवा
- नसर्ने रोग नियन्त्रण तथा रोकथाम लगायत आखा नाक कान घाटी मानसिक स्वास्थ्य सेवा
- टेलिमेडिसिन सेवा
- राष्ट्रिय अभियान लगायत तालिम गोष्ठी सेमिनार एबं विविध स्वास्थ्य कार्यक्रम

## (५) गुणस्तर सुनिश्चितता सम्बन्धी ब्यवस्था:-

आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०८३

यस सानीभेरी गाउँपालिका मार्फत स्थापना हुने अस्पताल तथा स्वास्थ्य संस्थाहरु निम्न बमोजिमको गणस्तरिय मापदण्ड पुरा हुनुपर्नेछ –

(क) बहिरंग सेवामा आउने विरामीहरुको चापका आधारमा विरामी दर्ता परामर्श निदानात्मक सेवाहरु र औषधी कक्षमा छिटो छरितो सेवा दिने ब्यवस्था मिलाउनु पर्दछ ।

(ख) स्वास्थ्य संस्थामा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमन नियन्त्रणको ब्यवस्था भएको हुनुपर्नेछ र सो को नियमित र प्रभावकारी अनुगमन गर्नु पर्नेछ ।

(ग) अस्पतालले विभिन्न ईकाइबाट प्रदान गर्ने सेवाहरु स्तरिय रुपमा संचालन गर्नु पर्नेछ र सो को नियमित र प्रभाबकारी अनुगमन हुनु पर्नेछ ।

(घ) अस्पतालले बहिरंग सेवा प्रदान गर्ने चिकित्सकहरु उपलब्ध हुने समय तालिका ( दिन र बार खुल्ने गरि) सबैले देख्ने ठाउमा राखिएको हुनु पर्नेछ ।

(ङ) विरामी वा विरामीको रेखदेख गर्ने ब्यक्तिलाई रोग र उपचार पद्धति बारे स्पष्ट जानकारी दिने ब्यवस्था हुनुपर्नेछ । अस्पताल / स्वास्थ्य संस्थामा उपलब्ध स्रोत साधन स्वास्थ्यकर्मी वा स्वास्थ्य जनशक्तिको क्षमताले स्वास्थ्य समस्याको समाधान हुनु नसक्ने अवस्था आएमा बढि स्रोत साधन सम्पूर्ण स्वास्थ्य संस्थामा उपचार परापर्श र सेवाको निमित्त पठाईने प्रक्रियालाई प्रेषण भनिन्छ । सो सम्बन्धी निर्णयको सम्पूर्ण अधिकार उपचार सेवा उपलब्ध गराउने चिकित्सक / स्वास्थ्यकर्मी पूर्ण रुपमा निहित रहनेछ अस्पताल / स्वास्थ्य संस्थामा उपलब्ध स्रोत र साधनबाट समाधान गर्न नसकेका समस्या अस्पताल हुदै विषशज्ञ सेवा प्रदायक ठुला अस्पतालसम्म प्रेषण गरिनेछ ।

(च) अस्पताल परिसर तथा सेवा दिने कक्षहरुको नियमित रुपमा सरसफाइको ब्यवस्था गर्नुपर्नेछ ।

(छ) सबैले देख्ने स्थानमा गुनासो / उजरी पेटिका राखिएको हुनुपर्नेछ ।

(ज) जनगुनासो ब्यवस्थापनको लागि गुनासो सुन्य अधिकारी तोकी जनगुनासो तथा पर्न आएको उजुरी समाधान गर्ने ब्यवस्था मिलाएको हुनु पर्नेछ । साथै समाधान हुन नसक्ने भएमा सो को कारण सम्बन्धीत ब्यक्तिलाई जानकारी गराउनु पर्नेछ ।

(झ) विरामीले अस्पताल / स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क प्रकृया तथा अबधी समेत खुलाईएको सेवाग्राही बडापत्र अस्पताल / स्वास्थ्य संस्थाको अग्र भागमा देखिने गरि राख्नु पर्नेछ र सोही अनुरुप सेवाको सुनिश्चतता गर्नु पर्दछ ।

(ञ) अस्पतालमा आउने विरामीलाई आबश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको ब्यवस्था गरी सेवाग्राहीलाई आबश्यक जानकारी दिने ब्यवस्था गरेको हुनुपर्नेछ ।

(ट) अस्पतालले २४ सै घण्टा दक्ष स्वास्थ्यकर्मीबाट र आवश्कता अनुसार चिकित्सको ब्यवस्था सहित आकस्मिक सेवा दिने ब्यवस्था गरेको हुनुपर्नेछ ।

(ठ) अस्पतालमा सकभर ज्येष्ठ नागरिकको लागि बिशेष सुविधा भएको शैयाको ब्यवस्था गरिनुपर्नेछ ।

(ड) स्वास्थ्य संस्था सञ्चालन गरिने भवन र अन्य पूर्वाधार भवन संहिता र सम्बन्धित क्षेत्रको भवन निर्माण सम्बन्धि मापदण्ड अनुरुप हुनु पर्नेछ ।

(ढ) अस्पतालले सुचना अधिकारी तोक्नु पर्नेछ ।

(ण) अस्पतालले प्रदाण गर्ने स्वास्थ्य सेवाको गणस्तरलाई सुनिश्चित गर्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय गुणस्तर चिन्ह लिन आबश्यक कदम चाल्नुपर्नेछ ।

(त) अस्पताल रहने स्थान धुवा धुलो ध्वनी जल तथा जमिन प्रदुषण बाट मुक्त भएको हनुपर्नेछ ।

(थ) अस्पताल रहने क्षेत्र र हाताभित्र उपयुक्त सुरक्षाको ब्यवस्था भएको अस्पताल सम्म सहज सडक यातायातको पहुच भएको हुनुपर्नेछ ।

(द) अस्पतालमा पानी बिजुली ( ब्याकअप सहित ) संचार सुविधा पार्किङ सुविधा स्वस्थकर वातावरणको लागि बृक्षारोपण तथा बगैचाको ब्यवस्था भएको हुनुपर्नेछ ।

(ध) जोखिमपूर्ण फोहोर ब्यवस्थापनका लागि उपयुक्त प्रविधिको प्रयोग गरि फोहोर ब्यवस्थापन गरिएको हुनुपर्नेछ ।

(न) फार्मेसी कक्षमा औषधीको गुणस्तर ह्रास नहुनेगरी सुरक्षित भण्डारण गर्ने ब्यवस्था मिलाउनु पर्नेछ ।साथै ताप संवेदनशिल औषधी तथा भ्याक्सिनको भणडाररण तोकीएको तापक्रममा भण्डारण हुनुपर्नेछ उपचारमा प्रयो हुने लागु औषध जन्य औषधीहरु चिकित्सकको लिखित प्रेस्कीप्सन अनुसार मात्र आम्दानी र खर्चको अभिलेख सहित वितरण गर्ने ब्यवस्था मिलाएको हुनुपर्नेछ ।

(ऩ) म्याद नाघेका औषधी उपयुक्त विधि अपनाइ नष्ट गर्ने ब्यवस्था भएको हुनुपर्नेछ ।

(प) आकस्मिक सेवाका लागि चाहिने आबश्यक औषधीहरु चौबिसै घण्टा उपलब्ध अने ब्यवस्था हुनुपर्नेछ ।

(फ) अस्पतालले आफ्नै परिसर भित्र अस्पताल फार्मेसी संचालन गर्नुपर्नेछ । अस्पताल फार्मेसी सञ्चालन गर्नका लागि अस्पतालले निजि ब्यक्ती वा संस्थासंग सम्झौता गरी फार्मेसी संञ्चालन गर्न सक्नेछ ।

(ब) औषधीको खुद्रा मुल्यमा छुटको ब्यवस्था भएमा सबैले देख्ने गरि टास गरिएको हुनुपर्नेछ ।

(भ) अस्पताल भित्र प्रभावकारी सुचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोन इन्टरनेटको ब्यवस्था भएको हुनुपर्नेछ।

(म) प्रहरी , एम्बुलेन्स, दमकल जस्ता आकस्मिक सेवाका टेलिफोन नम्बरहरु देखिने गरि राख्नु पर्नेछ।

(य) आकस्मिक कक्ष बर्थिङ कक्ष अपरेसन कक्ष लगायत  संबेदनशिल कक्षहरुमा आपतकालिन विद्युत ब्याकअप सिष्टम भित्र राखेको तथा आबश्यक सबै स्थानमा पानीको ब्यवस्था भएको हुनुपर्नेछ।

(र) अस्पताल हातामित्र सेवाग्राही तथा सेवाप्रदायक हरुका लागि पर्याप्त पानी र साबुन सहितको सफा शौचालयको ब्यवस्था हुनु पर्नेछ।

(ऱ) अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आबश्यक अनुसार विरामीको साथमा रहने १ जना कुरुवालाई बस्न सक्ने प्रबन्ध हुनुपर्नेछ। साथै स्वास्थ्य संस्था हाता भित्र सफा र सुविधा युक्त क्यान्टिनको ब्यवस्था भएको हुनुपर्नेछ।

(ल) अस्पतालमा प्रयोग हुने एप्रोन पन्जा टोपी जुत्ता तन्ना तकिया खोल रुमाल जस्ता कपडा धुन तथा अस्पतालमा भर्ना भएका विरामीहरुको लुगा धुने सुविधाको ब्यवस्था भएको हुनुपर्नेछ।

(ळ) अस्पतालमा सुरक्षा ब्यवस्था मिलाउन सुरक्षा गार्डको ब्यवस्था भएको हुनुपर्नेछ , आपतकालिन अवस्थाको लागि तत्काल सेवा पदान गर्न राज्यका सुरक्षा निकायसंग समन्वन कायम गर्ने ब्यवस्था मिलाएको हुनुपर्नेछ।

(ऴ)आकस्मिक कक्षमा आकस्मिक अवस्थामा बर्हिगमन द्वाराको आवश्यक ब्यवस्था मिलायको हुनुपर्नेछ।

(व) अक्सिजनको आपूर्ति नियमित ब्यवस्था भएको हुनुपर्नेछ।

(श) आकस्मिक कक्ष सुत्केरी कक्ष तथा वार्डमा सक्सन मेसिन, सुचर सेट, एम्वु ब्याक, अक्सिजन आकस्मिक कक्षमा कार्डियाक मोनिटर ,इसिजी मेसिन इलेक्ट्रिक डिफिलिटर आकस्मिक औषधी सहितको ट्रली ट्राकियोस्टोमी सेट,भेनस सेक्सन सेट, इ एन टी सेट नेवुलाइजर  सि.भि.पी लाईन सेट वाटरसिन ड्रनेज सुचना पाटी ह्विल चेयर स्टेचर,फुट स्टेप, स्किन,ग्यास्ट्रिक ट्यूव सेट, लगायत आबश्यक उपकरणहरुको ब्यवस्था भएको हुनुपर्नेछ।

आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७३

(ष) अस्पतालमा चट्याङ छल्ने एन्छस लाइटिङ सिस्टमको जडान , आगो निभाउने फायर एस्टिङग्युसरको ब्यबस्था भएको हुनुपर्नेछ ।

**६. अस्पताल / स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिको गठन ,काम , कर्तब्य र अधिकारः-**

६.१ गठन प्रक्रिया

सानीभेरी गाउँपालिका अस्पताल संचालन तथा ब्यवस्थापन समिति गठनः

(१) गाउँपालिका अध्यक्षः  अध्यक्ष – पदेन

(२) गाउँपालिका उपाध्यक्षः उपाध्यक्ष- पदेन

(३) प्रमुख प्रशासकीय अधिकृतः  सदस्य –पदेन

(४) सामाजिक विकाश समितिको संयोजकः सदस्य पदेन

(५) अस्पतालमा रहेको वडाको वडाध्क्षः सदस्य- पदेन

(६) स्वास्थ्य शाखा प्रमुखः सदस्य- पदेन

(७) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा काम गरिरहेको मध्यवाट समितिको अध्यक्षले मनोनित गरेको १ जना दलित महिला सहित २ जनाः सदस्य

(८)  स्थानीय ब्यापारी संघ कलबको प्रतिनिधि लब्ध प्रतिष्टित समाजसेवी जनप्रतिनिधि र विषय विज्ञ मध्यबाट समितिको अध्यक्षले मनोनित गरेको २ जनाः सदस्य

(९) अस्पताल रहेको बडाको माध्यामिक विध्यालयमा कार्यरत प्र.अ / शिक्षकहरु मध्य समितिवाट  मनोनित गरेको १ जनाः सदस्य

(१०) महिला स्वास्थ्य स्वयंसेविकाहरुमध्य बाट समितिले मनोनीत गरेको १ जनाः सदस्य

(११) अस्पताल प्रमुख / मेडिकल अधिकृत १ जना सदस्य सचिव वा पालिका सरकारले तोकेको ब्यक्ती

६.२ अस्पताल / स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिको काम , कर्तब्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क) कर्मचारी ब्यवस्थापन

( १) अस्पताल/ स्वास्थ्य संस्थामा दरबन्दी अनुसार पूरा भए नभएको हेर्ने तथा आवश्यकता अनुसार काज, तालिम गोष्ठीमा पठाउने ।

(२) सदस्य सचिवबाट कर्मचारीको ७ दिनसम्मको विदा स्वीकृत गर्ने र त्यस भन्दा वढि विदाको हकमा सिफारिस साथ पालिकामा पठाउने ।

(३) आन्तरिक स्रोत भएमा आबश्यकता अनुसार थप कर्मचारीको ब्यवस्था मिलाउने ।

(४) कर्मचारीको कामको मूल्याकन गरि प्रोत्साहान गर्ने ब्यवस्था मिलाउने ।

(५) अस्पतालमा राम्रो काम गर्ने करार कर्मचारीलाई  पालिकाबाट वढुवाको ब्यवस्था मिलाउने ।

## ख) भौतिक पूर्वाधार

आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०८३

(१) उपलब्ध भौतिक सम्पत्ती भवन जगा खानेपानी विजुली फर्निचर आदिको संरक्षण तथा उचित उपयोगको ब्यवस्था मिलाउने।
(२) माथि उल्येखित भौतिक सम्पत्ति अपुग भएमा व्यवस्था मिलाउने।
(३) महिलाहरुका लागि गोपनीयता कायम गर्न अस्पताल / स्वास्थ्य संस्थामाछुटै जाच्ने कोठाको ब्यवस्था मिलाउने।

(४) अस्पताल / स्वास्थ्य संस्था वरिपरि सरसफाईको ब्यवस्था मिलाउने।

ग) औषधी उपकरण
(१) अस्पतालमा २४ सै घण्टा आकस्मिक सेवा उपलब्ध हुने ब्यवस्था मिलाउने।
(२) विरामीलाई भर्ना गरि उपचार सेवा उपलब्ध गराउने अन्तरंग सेवाको उपलब्ध हुने आबश्यक व्यवस्था मिलाउने।
(३) अस्पताल / स्वास्थ्य संस्था गाउघर किल्निक खोप किल्निक मा आवश्यक औषधी उपकरण भए नभएको यकिन गर्ने।
(४) अस्पताल / स्वास्थ्य संस्थामा नियमित रुपमा औषधी आपूर्तिको तथा भण्डारणको लागि उचित ब्यवस्था मिलाउने।
(५) औषधी खर्चको फाटवारी दैनिक रुपमा अद्यावधिक गर्ने / गराउने।
(६) आपत् कालिन अबस्था तथा महामारीका लागि जगेडा औषधी तथा उपकरणको ब्यवस्था मिलाउने

# घ) स्रोत परिचालन

(१) संस्थाको आम्दानी नियमित रुपमा समितिको खातामा जम्मा गर्ने ब्यवस्था मिलाउने।
(२) अस्पताल / स्वास्थ्य संस्था भएको पालिका / वडा भित्र भएका संस्थाहरु जस्तै विभिन्न गैसस बडा सामुदियिक बन स्थानिय क्लब आदिमा संभावित स्रोत पहिचान गर्ने।
(३) आपतकालिन अवस्था ( प्रकोप महामारी) मा वडा भित्र भएका वाहिरबाट समेत मानविय स्रोत र अन्य स्रोतको खोजी गर्ने र उचित परिचालनको ब्यवस्था मिलाउने।

**ङ) सुशासनः**
(१) संस्थाको आन्तरीक लेखापरीक्षण गर्ने ब्यवस्था मिलाउने।
(२) बर्षमा एक पटक वाह्यय लेखापरिक्षण गराउने।
(३) सामाजिक लेखापरीक्षण कम्तीमा बर्षको एक पटक गराउने
(४) स्वास्थ्य संस्थामा नागरिक वडापत्रको व्यवस्था गर्ने।
(५) स्वास्थय सेवामा समाजिक समावेशीकरण गर्ने।

# च) योजना / कार्यान्वन/ अनुगमनः

आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०८३

(१) लक्षित जनसंख्या सम्वन्धी सुचना संकलन गर्ने ब्यवस्था मिलाउने र सैवा सर्वसुलभ बनाउन प्राथामिकता क्षेत्र तोक्ने ।

(२) उपलब्ध सेवा जनसमुदाय सम्म पुगे नपुगेको एकिन गर्ने ।

(३) समुदायमा आएका गुनासा वा सुझावलाई समेटी समाधानका नियमित पहल गर्ने ।

(४) विशेष स्वास्थ्य कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्दा विशेष ध्यान दिने (जस्तै परिवार नियोजन सुरक्षित मातृत्व खोप सेवा पोषण सेवा क्षयरोग कुष्ठरोग प्रयोगशाला रेडियोलोजी शल्यचिकिस्सा सेवा आदि ।

(५) संचालित कार्यक्रमको नियमित रुपमा अनुगमन गर्ने ।

(६) नियमित रुपमा योजना बनाई सुपरिवेक्षण गर्ने साथै कार्यक्रमको प्रगति समीक्षा गर्ने ।

## छ) सञ्चार, समन्वयन र सहयोगः

(१) अस्पताल / स्वास्थ्य संस्थामा समितिको नियमित बैठक गर्ने ।

(२) समितिका सदस्यहरु वीच एक आपसमा राम्रो संम्वन्ध कायम गर्ने ।

(३) मासिक वा अन्य आकस्मिक बैठक वस्नु पर्दा सम्पूर्ण सदस्यहरुलाई पत्राचार वा फोन गर्ने ।

(४) औषधी, सरसमान, औजार, कर्मचारी वा अन्य आबश्यक सहयोगका लागि स्वास्थ्य शाखा , स्वास्थ्य, जनस्वास्थ्य वा जिल्ला समन्वय समितिको कार्यालय, प्रदेश सरकार तथा निर्देशनालय र संघिय सरकार संग समन्वयन गर्ने

(५) गाउँपालिका / वडा भित्र भएका सम्पूर्ण संघ संस्थाहरु संग समन्वय गरि स्वास्थ्य कार्यक्रमहरुलाई बढि प्रभावकारी बनाउने ब्यवस्था मिलाउने ।

# ७) अनुगमन तथा मुल्याङ्कन

स्थानिय सरकार , प्रदेश सरकार, संघिय सरकार तथा सरोकारवाला निकाय बाट समय समयमा अनुगमन तथा मुल्याङकनको ब्यवस्था मिलाउने ।

# ८) पदावधीः-

* अस्पताल / स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिको कार्यकाल ३ बर्षको हुनेछ ।

* निर्वाचित पदाधिकारिहरुको एवं सदस्यहरुको पदावधि अर्को निर्वाचन भई नया ब्यक्तीले पदभार ग्रहन नगरुन्जेल सम्म हुनेछ ।

* समितिले आबश्क ठानेमा स्थानिय सरकारको कुनै अधिकृत वा अन्य कुने विशेषज्ञलाई समितिको आमन्त्रित सदस्यको रुपमा उपस्थितीका लागि आमन्त्रन गर्ने सक्नेछ ।

* समितिले आबश्यक ठानेमा स्थानिय दलित युवा किशोर- किशोरी , सामाजिक संघ संस्थाका प्रमुखहरुलाई विषयबस्तु अनुसार आमन्त्रन गरि आमन्त्रित सदस्यको रुपमा राख्न सक्नेछ ।

* बैठकको लागि पदाधीकारीको ५१ प्रतिशत उपस्थिती अनिवार्य हुनुपर्नेछ ।

* माथिका बुदामा जुनसुकै कुरा लेखिएको भए पनि अध्यक्ष सहित अन्य मनोनित पदाधिकारहरुले आफ्नो पदिय जिम्मेवारी पुरा नगरेमा स्थानिय सरकारले निर्णय गरि जुनसुकै बखत पदबाट हटाउनेछ।

**१०. देहायका योग्यता भएको ब्यक्ति समितिको पदमधिकारी यवम् पदमा नियुक्तिको लागि योग्य हुनेछ -।**

* नेपाली नागरीक।
* नैतिकन पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरी सजाय नभोगेको
* नेपाल सरकार, प्रदेश सरकार, स्थानिय सरकार वा अन्र्तगतको कुनै संगठित संस्था संग कुनै वेरुजु वा बक्योता वाकी नरहेको।
* उच्च नैतिक चरित्र भयको र कालो सुचिमा नपरेको।
* विदेशी राष्ट्रको नागरिकता वा स्थायी आवसिय अनुमती नलिएको।

# ११. लेखा समिति गठन

नगर अस्पतालको लेखा ब्यवस्थापन तथा अनुगपनका लागि देहाय बमोजिमको लेखा समिति गठन हुनेछ-

क. गाउँकार्यपालिकाको कार्यालयले तोकेको लेखा सम्बन्धीत विषयमा जानकार व्यक्ती – संयोजक

ख. गाउँकार्यपालिकाको लेखा अधिकृत –सदस्य

ग. गाउँकार्यपालिकाको कार्यालयले तोकेको कार्यपालिका महिला सदस्य – सदस्य

११.१ लेखा समितिको काम कर्तब्य र अधिकार

क. बार्षिक कम्तीमा २ पटक आ. ले.प गरी प्रतिवेदन समितिमा पेश गर्नु पर्ने छ।

ख. आबश्यकता अनुसार लेखा सम्बन्धी आन्तरीक अनुगमन परामर्श दिन सक्ने छ।

# १२. सल्लाहाकार समिति गठन

आबश्यकत अनुसार अस्पतालमा संचालन तथा ब्यवस्थापन समितिले सल्लाहाकार समिति मनोनीत गर्न सक्नेछ।

**१३ . स्थानिय स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समिति बैठक सञ्चालन प्रक्रियाः-**

पूर्व सुचनाः बैठक हुनुभन्दा तीन दिन अगाडि पत्र वा अन्य माध्यमबाट समितिका सदस्यहरुलाई ( बैठक बस्ने मिति सिमय स्थान र छलफलको विषयबारे जानकारी दियको हुनुपर्नेछ।

बैठक पुस्तिकाः बैठको निर्णय एवं उपस्थितिको अभिलेख राख्ने बैठक पुस्तिका राखेको हुनुपर्छ।

छलफलका विषयकोहरुको तयारीः बैठकका लागि आबश्यक छलफलका विषयहरु पूर्व निर्धारित हुनुपर्दछ।

सहभागीहरुको बस्न् ब्यवस्थाः बैठक स्थानमा सदस्यहरु समानुपातिक र सजिलोसँग बसेको हुनुपर्दछ।

उपस्थित संख्याः बैठकमा सदस्यहरुको ५१ प्रतिशत वा यस भन्दा बढी रहेको हुनुपर्दछ।

प्रगति समीक्षाः बैठकमा अघिल्लो बैठकमा भएका निर्णयहरुको प्रगति समीक्षा हुनुपर्दछ।

सदस्यको सहभागितः बैठकमा सबै सदस्यहरुलाइ पालैपालो आ-आफ्नो भनाई राख्ने मौका दिइनु पर्दछ।

निर्णय प्रक्रियामा सहभागिताः बैठक उपस्थित महिला र दलित सदस्यहरुले आफ्नो भनाईहरु राखेको र उक्त भनाईलाई निर्णय प्रक्रियामा महत्व दिएको हुनुपर्ने छ।

जिम्मेवारी बाडफाडः कार्ययोजनामा उल्येखित कार्यहरु गर्न एकभन्दा बढि सदस्यहरुलाइ जिम्मेवारी तोकीएको हुनुपर्दछ।

मासिक प्रगति सिमिक्षाः सवास्थ्य संस्थाबाट गत महिनामा गरियको कार्यक्रमको प्रगति समीक्षा गर्नुपर्दछ।

आगामी कार्यक्रमकोहरुको जानकारीः स्वास्थ्य संस्थाका प्रमुख वा अन्य कर्मचारीबाट आगामी महिनामा हुने स्वास्थ्य सम्बन्धी कार्यक्रम बारे जानकारी दिनुपर्दछ ।
अभिलेख राख्ने तरिकाः बैठकका निर्णयहरु बुदागत रुपमा कार्ययोजनको स्वरुपमा अभिलेख राख्नुपर्दछ ।
आगामी बैठकः  आगामी बैठकमा निम्ति मिति र समय तोकेको हनुपर्दछ ।
बैठक समयः तोकिएकोको ठीक समयमा शुरु गरेर ठिक समयमा नै अन्त गरेको हुनुपर्दछ ।
प्रत्यक बैठकमा ऐजेन्टा र निर्णयहरु निश्चित ढाचा अनुसारको माईन्युट पुस्तिकमा अभिलेखीकरण गर्नपर्दछ ।
अध्यक्ष वा सचिवले कार्ययोजनामा तोकिएको जिम्मेवार बक्तिलाई कामको अवस्थाबारे सोध्ने गरेको हनुपर्दछ ।
स्थानीय तहमा त्यहाको प्राकृतिक प्रकोपको इतिहासलाई आधार मानी पूर्व तयारी गर्नुपर्ने हुन्छ ।

## (१४) मानव संसाधन ब्यवस्थापनः-

मानव संसाधनको ब्यवस्था नेपाल सरकारले तोकेको बमोजिम हुने छ यदि अस्पतालले आबश्कता ठानेमा बदल्न सक्नेछ ।

# (१५) आकस्मिक कक्षको लागी न्यनतम औषधी¸ औजार तथा उपकरणहरु

( क) औषधीहरुः-

१. Inj. Ranitidin¸ Pantoprazol¸ Omeprazole
२. Inj. Adrenaline
३. Inj. Pheniramine
४. Inj. Aminophyline
५. Inj. Atropine
६. Inj. Hyoscine butylbromide
७. Inj. Calcium gluconate
८. Inj. Ciprofloxacin¸ Ampicilin¸ Ceftriaxone etc.
९. Inj. Deriphylline
१०. Inj. Dexamethasone

आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०७३

११. Inj. Dextrose 5%¸50%
१२. Inj.Diazepan¸ Lorazepam
१३. Inj. Normal saline Ringer’s lacate
१४. Inj. Dopamin
१५. Inj. Pentazocine
१६. Inj. Hydrocortisone
१७. Inj. Frusemide
१८. Inj. Mannitol
१९. Inj. Metronidazole
२०. Inj. Morphine
२१. Inj. Paracetamol
२२. Inj. Metaclopromide
२३. Inj. Pethidine
२४. Inj. Vit-K
२५. Inj. Diclofenac
२६. Inj. Magnesium sulphate
२७. Inj. Digoxin
२८. Inj. Tramsotate
२९. Inj. Lignocaine ¸ Xylocaine jell
३०. Inj. Adrenaline
३१. Inj. Phenytoin

आधारभूत अस्पताल सचालन तथा व्यवस्थापन कार्यविधि २०८३

**( १६ ) अस्पताल ( समिति) / स्वास्थ्य संस्था ( समिति ) को कोषः-**

(क) अस्पताल ( समिति) / स्वास्थ्य संस्था ( समिति ) को आफ्नो छुटै कोष रहनेछ ।

(ख) अस्पताल ( समिति) / स्वास्थ्य संस्था ( समिति ) को कोषमा देहाय बमोजिमका रकमहरु रहनेछनः-

(अ) नेपाल सरकार ( संघिय सरकार) प्रदेश सरकार र स्थानिय सरकारबाट स्वास्थ्य संस्था संचालनको लागि प्राप्त हुने अनुदान रकम

(आ) स्वास्थ्य संस्थाको सेवा प्रदान गर हुने आम्दानी वापतको रकम

(इ) दात्री निकाय वा दाताहरुबाट पाप्त हुने रकम

(ई) अन्य आन्तरिक वा बाह्यय श्रोतबाट प्रात हुने रकम

**ग) . समितिको मुल काम कारबाहीमा हुने खर्च** उपदफा (१) बमोजिमको कोषबाट समितिको बैठकको निर्णय अनुसार खर्च गरिनेछ । यस्तो रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली तथा प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ ।

घ ) समितिको मुल खाता कुनै स्थानिय ‘‘क’’ वर्गकोबैकमा खोली संचालन गरिनेछ ।

ङ) समितिको खाता अस्पताल प्रमुख र गाउँपालिकाको तोकेको लेखा समूहको कर्मचारी र स्वास्थ्य शाखाको प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

च) समितिको कोषमा कुनै निश्चित उदेश्य स्वरुप जम्मा हुने आउने रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोहि प्रयोजनको लागी मात्र खर्च गर्नु पर्नेछ ।

छ) बाह्यय राष्ट्र, संघस्था वा ब्यक्तीवाट रकम प्राप्त गर्नको लागि प्रचलित कानुन बमोजिम अनुमति लिनुपर्नेछ ।

ज) समितिले विभिन्न कल्यानकारी कोषहरु संचालन गर्न सक्नेछ । सोको कार्यविधि स्थानिय तह बाट स्वीकृत गराउनुपर्नेछ ।

१७. सम्पत्ती र कोषको हस्तान्तरणः- साविक आदेश वा निर्देशिका / नियमावली बमोजिम प्रस्तावित अस्पताल / स्वास्थ्य संस्था ( अपग्रेड ) को समितिको नाममा रहेको सबै चल अचल सम्पत्ती यसै निर्द्शिका/ नियमावली बमोजिम संचालन हुने अस्पताल / स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिको नाममा सवतः हस्तान्तरण हुनेछ ।

# १८. लेखा र लेखा परिक्षणः-

(क) समितिको आय ब्ययको लेखा महालेखा परिक्षको कार्यालयले तोकेको ढाचा बमोजिम राख्नु पर्नेछ ।

(ख) कोषको आन्तरिक लेखापरिक्षण कम्तिमा २ पटक समितिको निर्णय बमोजिम हुनेछ ।

(ग) कोषको अन्तिम लेखापरिक्षण प्रचलित कानुन बमोजिम मान्यता प्राप्त (आइक्यानमा दर्ता भएको ) लेखा परिक्षक फर्म वा कम्पनिबाट गराउनुपर्नेछ । स्थानिय सरकार बाट लेखा परिक्षक छनौट गरेको अवस्थामा सोही अनुसार हुनेछ ।

( घ) गाउँ कार्यपालिकाको कार्यालय तथा स्वास्थ्य शाखाले जुनसुकै बखत समितिको हिसाब किताब जाच्न वा जचाउन सक्नेछ ।

१९. यो कार्यविधि लागु भएका बखत देखि सानीभेरी गाउँपालिका वडा नं ९ मा रहेको सिम्ली स्वास्थ्य चौकी स्तउन्नती भई वडा नं ७ मा सानीभेरी गाउँपालिका अस्पतालको रुपमा संचालन हुनेछ ।

२०**. स्तरबृद्धी गरियको सिम्ली स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीहरुलाई अस्पतालको दरबन्दी संरचनाका आधारमा दरबन्दी समायोजन गरिनेछ ।**

# २१. निर्देशन दिनेः-

स्थानिय सरकारले समितिको काम कारबहीका सम्न्धमा समितिलाई आबश्क निर्देशन दिन सक्नेछ र त्यसरी दिईएको लिखित निर्देशनको पालना गर्नु समितिको कर्तब्य हुनेछ ।

# २२. परिमार्जनः-

**अस्पताल**/ स्वास्थ्य संस्था संचालनका क्रममा कुनै कानुनी समस्या भई काम गर्न बाधा अड्चन भएमा अस्पताल / स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिले निर्णय गरि सो विषयमा गाउँकार्यपालिकालाई लिखित अनुरोध गर्न सक्नेछ । समय रआबश्यकता अनुसार यस अस्पताल / स्वास्थ्य संस्था स्थापना तथा संचालन कार्यविधि २०८२ गाउँकार्यपालिकाले परिपार्जन गर्न सक्नेछ ।

# २३. अभिलेख तथा प्रतिवेदनः-

अस्पताल तथा स्वास्थ्य संस्था मार्फत गरेका क्रियाकलाप तथा प्रगतिहरुको विवरण लगायत अन्य आवश्यक कागजातहरु मासिक रुपमा स्वास्थ्य शाखामा / लेखा शाखामा अनिवार्य रुपमा प्रविष्ट गर्नुपर्नेछ ।

# २४. कारवाही हुनेः-

यस निर्देशिका विपरित कार्य गर्ने पदाधिकारी , स्वास्थ्य संस्था कर्मचारी तथा सेवाग्राहीलाई प्रचलित कानुन बमोजिम कारवाहीलागी सिफारिस गरिनेछ ।

# २५. खारेजी र बचाउः-

**माथि उल्लेखित भए बमोजिम गरेका कार्यहरु यसै निर्देशिका बमोजिम भएको मानिनेछ । प्रचलित संघिय तथा प्रादेशिक कानुन संग बाझिएको अबस्थामा सो बुदा सवत खारेज हुनेछ ।**

आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०८३